लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजस्व उप-शाखा
लहान, सिरहा
प्रदेश नं. २, नेपाल

☎ ०३३ { ५६०१३८ प्रशासन, ५६०१३७ फ्याक्स

पत्र संख्या :- २०७६/०७७
चलानी नं. :- ९०४६२

मिति :- २०७६/०६/३०

**बिषय :- सूचना प्रकाशन गरि दिने वारे ।**

श्री समृद्धिपथ राष्ट्रिय दैनिक पत्रिका,
श्री नवसंग्राम राष्ट्रिय दैनिक पत्रिका
लहान, सिरहा ।

उपरोक्त सम्बन्धमा यस कार्यालयवाट प्रकाशित सूचना यसै पत्रसाथ संलग्न छ । उक्त सूचना मिति २०७६/०७/०१ गते पत्रिकामा रु. ५,०००/- (पांच हजार) मा नबढ्ने गरी प्रकाशित गरि दिनुहुन अनुरोध छ ।

लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा

**बढाबढ गरी ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी बोलकबोल बढाबढ सम्वन्धी सार्वजनिक सूचना**

मिति २०७६ साल असोज ३० गतेका दिन बसेको नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार बलान र खुट्टी खोलाको नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री कर र वातावरण, नदी नियन्त्रण तथा सडक मर्मत संभार सेवा शुल्क उठाउनका लागि बढाबढ गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही बोलकबोल गर्न इच्छुक व्यक्ति/फर्म/संस्थाहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

०१. बलान र खुट्टी खोलाको नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री करको प्रति दिन न्यूनतम मूल्य रु.४२,५५३/- (वयालिस हजार पाँच सय त्रिपन्न) भन्दा कम कवोल गर्न पाईने छैन ।
०२. वातावरण, नदी नियन्त्रण तथा सडक मर्मत संभार सेवा शुल्कको प्रति दिन न्यूनतम मूल्य रु. २९,७८७/- (उनन्तीस हजार सात सय सतासी) भन्दा कम कवोल गर्न पाईने छैन ।
०३. डांक कबूल गर्दा कबूल अंकको ५ प्रतिशत धरौटी पहिले नै राख्नुपर्नेछ ।
०४. लिलाम बढाबढ हुने स्थान :- लहान नगर कार्यपालिकाको कम्पाउण्ड भित्र हुने छ ।
०५. लिलाम बढाबढ हुने मिति २०७६/०७/०८ गते दिनको १:०० वजे देखि ३:०० वजे सम्म हुनेछ ।
०६. अन्य कुनै कुरा वुझ्नु परेमो कार्यालय समय भित्र राजस्व उपशाखामा सम्पर्क राखि वुझ्न सकिनेछ ।
०७. बोलपत्रबाट ठेक्का व्यवस्था नहुन्जेल सम्मका लागि मात्र यो व्यवस्थाबाट कर/सेवा शुल्क उठाइनेछ ।

वोधार्थ :-
श्री सूचना तथा प्रविधि शाखा :- वेवसाईटमा राखी दिन हुन ।
श्री सबै वडा कार्यालयहरु :- जानकारीका निमित्त ।
श्री लेखा शाखा :- जानकारी निमित्त ।

..............................
प्रमुख प्रशासकीय अधिकृत
गिरीराज ज्ञवाली